ग्राहक मैत्री नवीनतम लघुवित्त सेवा ।

Client Friendly Innovative Microfinance Service

# उन्नति माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड

## Unnati Microfinance Bittiya Sanstha Limited

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था (१५ जिल्ला कार्यक्षेत्र भएको)

मिति : २०७५।१०।१६

प.सं. ५२७२०७५।०७६

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड

सिंहदरवार प्लाजा काठमाण्डौ ।

(छाप: उन्नति माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड, रुपन्देही)

**विषय : त्रैमासिक विवरण पेश गरिएको सम्बन्धमा ।**

महाशय,

उपर्युक्त सम्बन्धमा, श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड र उन्नति माइकोफाइनान्स वित्तीय संस्था लिमिटेड बीच भएको धितोपत्र सुचिकरण सम्झौता पत्रको शर्त नं. ८ बमोजिम शेयर मूल्यमा प्रभाव पार्ने संगठित संस्था सँग सम्बन्धित कुनै पनि सूचना वा जानकारी नेपाल स्टक एक्सचेन्ज लिमिटेडलाई दिन मन्जुर छ भने बमोजिम यस वित्तीय संस्थाको आ.ब. २०७५।७६ को दोस्रो त्रैमासिक अपरिश्कृत विवरण तयार पारी पत्र साथ सम्लग्न गरी पेश गरिएको व्यहोरा अनुरोध छ ।

सम्लग्न :

१. आ.व. २०७५।०७६ को दोस्रो त्रैमासिक विवरण थान १

भवदीय

प्रेम बहादुर पाठक

प्रमुख कार्यकारी अधिकृत

**प्रमुख कार्यकारी अधिकृत**

केन्द्रीय कार्यालय:सि.न.पा १२, रुपन्देही,फोन न.०७१-५२११२८, ५२११२६ र फ्याक्स नं. ०७१-५२११२७

**उन्नति माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड**

**Unnati Microfinance Bittiya Sanstha Limited**

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था (५५ जिल्ला कार्यक्षेत्र भएको)

Central Office : Si.Na.Pa. 12, Rupandehi, Nepal Phone No. 071-521126, 521127

Unaudited Financial Result as on 2nd Quarter (2075/09/30) of the Fiscal Year 2075/076

Rs. in '000'

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| 1 | **Total Capital and Liabilities (1.1 to1.7)** | **1691631.14** | **1600706.62** | **1025607.09** |
| 1.1 | Paid up Capital | 77275.00 | 55000.00 | 38500.00 |
| 1.2 | Reserve and Surples | 29155.82 | 43568.90 | 26409.35 |
| 1.3 | Debenture and Bond | | | |
| 1.4 | Borrowings | 1096255.26 | 1078122.63 | 707583.85 |
| 1.5 | **Deposits (a+b)** | **445181.67** | **386401.30** | **235202.86** |
| | a. Member | 445181.67 | 386401.30 | 235202.86 |
| | b. Public | | | |
| 1.6 | Income tax Liability | 9053.51 | 12431.64 | 4972.63 |
| 1.7 | Other Liabilities | 34709.88 | 25182.16 | 12938.4 |
| 2 | **Total Assets (2.1 to 2.7 )** | **1691631.14** | **1600706.62** | **1025607.09** |
| 2.1 | Cash and Bank Balance | 418353.31 | 439813.09 | 242228.92 |
| 2.2 | Money at Call and Short Notice | | | |
| 2.3 | Investments | 1000.00 | 1000.00 | 1000.00 |
| 2.4 | Loan and Advances | 1244125.86 | 1133293.43 | 761235.54 |
| 2.5 | Fixed Assets | 9186.53 | 7541.72 | 7602.06 |
| 2.6 | Non Banking Assets | | | |
| 2.7 | Other Assets | 18965.44 | 19058.38 | 13540.57 |
| **3** | **Profit and Loss Account** | **Up to This Quarter** | **Up to Previous Quarter** | **Up to Corresponding Previous Year Quarter** |
| 3.1 | Interest Income | 117607.23 | 55819.29 | 67790.4 |
| 3.2 | Interest Expense | 66557.40 | 32215.09 | 37872.26 |
| | ***A. Net Interest Income(3.1-3.2)*** | **51049.83** | **23604.20** | **29918.14** |
| 3.3 | Fees, Commission and Discount | 511.08 | 243.37 | 328.75 |
| 3.4 | Other Operating Income | 19708.17 | 9782.87 | 12969.75 |
| 3.5 | Foreign Exchange Gain/Loss(Net) | | | |
| | ***B. Total Operating Income (A+3.3+3.4+3.5)*** | **71269.08** | **33630.44** | **43216.64** |
| 3.6 | Staff Expenses | 22454.73 | 12491.52 | 17199.69 |
| 3.7 | Other Operating Expenses | 9786.21 | 5064.90 | 5528.76 |
| | ***C. Operating Profit Before Provision ( B-3.6-3.7 )*** | **39028.14** | **16074.02** | **20488.19** |
| 3.8 | Provision For Possible Losses | 6109.10 | 2822.94 | 2522.07 |
| | ***D. Operating Profit ( C-3.8 )*** | **32919.04** | **13251.08** | **17966.12** |
| 3.9 | Non Operating Income/Expenses (Net) | | | |
| 3.10 | Write Back of Provisicn for Possible Loss | 277.15 | 29.51 | 266.86 |
| | ***E. Profit from Regular Activities (D+3.9+3.10)*** | **33196.19** | **13280.59** | **18232.98** |
| 3.1 | Extraordinary Income/expenses (Net) | | | |
| | ***F. Profit before Bonus and Taxes ( E+3.11)*** | **33196.19** | **13280.59** | **18232.98** |
| 3.1 | Provision for Staff Bonus | 3017.84 | 1207.33 | 1657.54 |
| 3.1 | Provision for Tax | 9053.51 | 3621.98 | 4972.63 |
| | ***G. Net Profit / Loss (F-3.12-3.13)*** | **21124.85** | **8451.28** | **11602.81** |
| **4** | **Ratios** | **At the End of This Quarter** | **At the End of Previous Quarter** | **At the End of Corresponding previous Year Quarter** |
| 4.1 | Capital fund to RWA | 8.70% | 8.98% | 8.72% |
| 4.2 | Non Performing Loan (NPL) To Total Loan | 0.78% | 0.74% | 0.16% |
| 4.3 | Total Loan Loss Provision to Total NPL | 184.37% | 177.22% | 663.79% |
| 4.4 | Cost of Funds | 9.82% | 9.81% | 9.68% |
| 4.5 | CD Ratio(Calculated as per NRB Directives) | 283.54 | 297.20 | 327.09 |

Note : Figures may change subject to instructions if any, from statutory regulatory authorities.

| Interest Rate | | |
|---|---|---|
| 1 | **Deposit** | 6.00 % - 9.5% |
| 2 | **Loan and Advance** | 14 % - 19% |

उन्नति माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड रुपन्देही

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनूसुची १४

( नियम २६ को उपनियम (१) संग सम्बन्धित )

## आ.व. २०७५/२०७६ को दोस्रो त्रैमासिक प्रतिवेदन

**१. वित्तीय विवरण :**

**(क)** त्रैमासिक अवधिको वासलात, नाफा, नोक्सान सम्बन्धि विवरण : यस वित्तीय संस्थाको दोस्रो त्रैमासिक नाफा/नोक्सान तथा २०७५ पौष मसान्तसम्मको वासलात सम्बन्धि विवरण यसै साथ प्रकाशित गरिएको छ ।

**(ख) प्रमुख वित्तीय अनुपातहरु :**

**प्रति शेयर आम्दानी अनुपात :** ५४.६७ **मुल्य आम्दानी अनुपात (P/E Ratio) :** ३३.४७ **प्रति शेयर नेटवर्थ :** १३७.७३

**प्रति शेयर कुल सम्पत्तिको मुल्य :** २१८९.११ **तरलता अनुपात :** २७.१४

**२. व्यवस्थापकिय बिश्लेषण :**

**(क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धि विवरण :** कारोवारको बृद्धिसंगै वित्तीय संस्थाको मौज्दात, आम्दानी र तरलतामा संतोषजनक रुपमा बृद्धि भएको छ ।

**(ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणत्मक विवरण :** यस वित्तीय संस्थाले हालसम्म १५ जिल्लामा ३९ बटा शाखाहरु मार्फत आफ्नो कारोवार संचालन गरिरहेको छ । यस आर्थिक वर्षमा वित्तीय संस्थाले कार्यक्रम विस्तार संगै गुणस्तरलाई थप प्रभावकारी बनाउदै लैजाने नीति लिएको छ । सोहि अनुसार अवका दिनहरुमा थप जिल्लाहरुमा कार्यक्षेत्र विस्तार गर्दा लघुवित्त सेवा नपुगेका ठाउलाई प्राथमिकता दिइनेछ । वित्तीय संस्थाले ग्राहकको चाहना र आवश्यकता अनुसार कर्जा, बचत तथा अन्य सेवाहरुलाई समयसापेक्ष थप परिमार्जन गर्दै लैजानेछ । आफ्नो श्रोत र साधनको अधिकतम परिचालन गरी दिगो रुपले वित्तीय सेवा प्रदान गर्ने सोचका साथ कार्य गरिरहेको छ ।

**(ग) विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदी भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :** लघुवित्त संस्थाहरुको बृद्धिको कारण एक आपसमा अस्वस्थ प्रतिस्पर्धा, सदस्यहरुमा दोहोरोपन आदि कारणले वित्तीय संस्थाले गम्भिर असर बेहोर्नु परेको छैन । तर पनि यस प्रकारको समस्या बाट वित्तीय संस्था अछुतो भने रहन सकेको छैन ।

**३. कानूनी कारवाही सम्बन्धी विवरण :**

क) त्रैमासिक अवधिमा वित्तीय संस्थाले कसैको विरुद्धमा कुनै मुद्दा दायर गरेको छैन र वित्तीय संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए सोको कुनै सूचना प्राप्त भएको छैन ।

(ख) वित्तीय संस्थाका संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको सम्बन्धमा कुनै जानकारी प्राप्त भएको छैन ।

(ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

**४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :**

(क) शेयर कारोवार धितोपत्र बजारबाट निर्देशित रहने हुँदा वित्तीय संस्थाको शेयरको कारोवार दोश्रो बजारमा सकरात्मक रहेको छ । देशको राजनैतिक अवस्था, नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको नीति तथा अन्य विविध कारणहरुले धितोपत्र बजारमा परेको प्रभाव यस वित्तीय संस्थाको शेयर कारोवारमा समेत परेता पनि वित्तीय संस्थाको शेयर कारोवार संतोषजनक नै रहेको छ ।

(ख) नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेबसाईट अनुसार गत त्रैमासिक अवधिमा यस वित्तीय संस्थाको शेयरको कारोवार विवरण निम्न अनुसार भएको देखिन्छ ।

| अधिकतम मुल्य | न्यूनतम मुल्य | अन्तिम मूल्य | कारोवार कुल दिन | कारोबार शेयर संख्या |
|---|---|---|---|---|
| रु.१९१५ | रु.१४३३ | रु.१८३० | ५९ | २५६८६ |

**५. समस्या तथा चुनौती :**

(क) देशको अस्थिर आर्थिक तथा राजनैतिक अवस्था एवं फितलो शान्ति सुरक्षा ।

(ख) नविनतम प्रविधिको प्रयोग गरी लघुवित्तीय कारोवार गर्दा दुर्गम क्षेत्रमा Connectivity को समस्या रहेको ।

(ग) यस क्षेत्रमा देखिएको अस्वस्थ प्रतिस्प्रर्धा, दक्ष जनशक्तिको अभाव जस्ता चुनौतीहरु ।

(घ) बैंक तथा वित्तीय संस्थाहरुबाट उपलब्ध हुने विपन्नवर्ग कर्जाको ब्याजदरमा भएको उच्च बृद्धिले गर्दा Cost Of Fund मा पनि बृद्धि भएको ।

(ङ) अप्रत्याशित रुपमा आई पर्ने प्राकृतिक दैविविपत्तिबाट सृजना हुने परिस्थितीबाट हुन सक्ने चुनौती ।

**६ संस्थागत सुशासन :**

(क) नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरुको पालना गर्नुको साथै प्रचलित ऐनहरु : कम्पनी ऐन २०६३, बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र ऐन २०७३, आयकर ऐन २०५८ आदि पालना गरिएको छ ।

(ख) संस्थागत सुशासनका परिपालनाको लागि वित्तीय संस्थाको प्रबन्धपत्र, नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली, कर्जा नीति, लेखा परिक्षण निर्देशिका आदि नीतिनियम तथा निर्देशिका बनाई पालना गरिएको छ ।

(ग) वित्तीय संस्थाले आफ्नो कारोवारलाई चुस्त, दुरुस्त छिटो छरितो एवं आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन संचालक समिति तहमा लेखापरिक्षण समिति, जोखिम ब्यवस्थापन समिति , कर्मचारी सेवा सुविधा र सम्पत्ति शुद्धिकरण अनुगमन समिति गठन गरेको छ ।

**७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण :**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।